पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

## कार्यपालिका बैठक संख्या - १९५ औं बैठक

आज मिति २०८३।०१।२५ गते विहान ०८:०० बजे पूर्वखोला गाउँपालिका अध्यक्ष श्री नुन बहादुर थापा ज्यूको अध्यक्षतामा देहाय बमोजिमको कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक पालिका बैठक कक्षमा बसी तपसिल बमोजिमको एजेन्डाहरुमा छलफल गरी निम्न बमोजिम निर्णय गरियो।

**उपस्थिति**

| क्र.स | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष श्री नुन बहादुर थापा | पूर्वखोला गा.पा अध्यक्ष | |
| २ | श्री भागिरथी भट्टराई | पूर्वखोला गा.पा उपाध्यक्ष | |
| ३ | श्री राजु नेपाल | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | |
| ४ | मेहर सिंह थापा | प्रवक्ता एवंम् वडा अध्यक्ष वडा न. ४ | |
| ५ | श्री गिरीमान आले | वडा अध्यक्ष वडा नं. १ | |
| ६ | श्री निर बहादुर सारु | वडा अध्यक्ष वडा नं. २ | |
| ७ | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष वडा नं. ३ | |
| ८ | श्री विष्णु कुमार पल्ली | वडा अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री धन बहादुर घर्ती | वडा अध्यक्ष वडा नं. ६ | |
| १० | श्री भिमी सरा आले | कार्यपालिका सदस्य | |
| ११ | श्री देवीसरा गाहा | कार्यपालिका सदस्य | देवी |
| १२ | श्री रेवती सरा घर्ती | कार्यपालिका सदस्य | |
| १३ | श्री ललिता दर्लामी | कार्यपालिका सदस्य | |
| १४ | श्री राजु परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री चन्द्रसिं बर्मेली | कार्यपालिका सदस्य | |

**आमन्त्रित:**

| | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १६. | सूचना ज्ञवाली | सूचना प्रविधि अधिकृत | Sgyawali |
| १७. | शान्ति आचार्य | का.स. | |

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

**बैठकका एजेन्डा:**

१) अघिल्लो १९४ औं कार्यपालिका बैठकको निर्णयको समिक्षा सम्बन्धमा,
२) सार्वजनिक सम्पत्तिको संरक्षण सम्बन्धमा,
३) पूर्ण खोप र संस्थागत सुत्केरी सुनिश्चितता दिगोपना सम्बन्धमा,
४) विपद व्यवस्थापन सम्बन्धमा,
५) आन्तरिक राजश्व सम्बन्धमा,
६) विविध
  क) घर संख्या अभिलेखीकरण सम्बन्धमा
  ख) विपद सामाग्री खरीद सम्बन्धमा
  ग) मर्मत रकम भुक्तानी सम्बन्धमा
  घ) कार्यक्रम रकम भुक्तानी सम्बन्धमा
  ङ) गणपति मा.वि. मर्मत तथा व्यवस्थापन सम्बन्धमा
  च) गोरखा-जितगढी पदयात्राको खर्च रकम भुक्तानी सम्बन्धमा
  छ) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन सहयोग
  ज) पेश्की रकम सम्बन्धमा
  झ) कार्यक्रम सञ्चालन सम्बन्धमा
  ञ) राहत सम्बन्धमा
  ट) ICT कार्यक्रम सञ्चालन सम्बन्धमा
  ठ) लेन्थमेन नियुक्ती सम्बन्धमा
  ड) नाली व्यवस्थापन सम्बन्धमा

निर्णयहरु:

१) **अघिल्लो १९४ औं कार्यपालिका बैठकको समिक्षा गरी यस अघि भएका अधिकांश निर्णयहरु कार्यान्वयन भएको तथा केही निर्णयहरु कार्यान्वयनको चरणमा गएको पाईयो।**

२) **संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न.४१२ मिति २०८३/०१/१७ गतेको सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने/गराउने सम्बन्धमा प्राप्त पत्रानुसार स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद -१३ मा भएको स्थानीय तहको सम्पत्तिको संरक्षण सम्बन्धी व्यवस्था अन्तर्गत ऐ. ऐनको दफा ९७ मा गाउँपालिका क्षेत्रभित्रको सम्पत्तिको संरक्षण गर्ने कार्य गाउँपालिकाले गर्नुपर्ने भएकाले सो सम्बन्धमा छलफल गर्दा गाउँपालिकाका सबै वडामा छलफल गरी त्यसको अभिलेख गाउँपालिकामा ल्याई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा विवरण पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।**

३) **पूर्वखोला गाउँपालिकालाई पूर्ण खोप,संस्थागत सुत्केरी सुनिश्चितता दिगोपना एवं पोषणमैत्री स्वास्थ्य संस्था घोषणा गर्ने कार्यक्रम मिति २०८३/०१/२५ गते गाउँपालिकाको सभा हलमा हुने भएकाले उक्त कार्यक्रमको सफलता शुभकामना दिदैं सुसम्पन्न गर्ने सर्वसम्मत निर्णय गरियो ।**

२०८३/०१/२५

नुन बहादुर थापा
अध्यक्ष

४) पूर्वखोला गाउँपालिकाको विपद व्यवस्थापन समितिको मिति २०८३/०१/२३ गते बसेको बैठकको निर्णयका बारेमा समितिका सचिव विनोद नेपालले जानकारी गराउनुभयो साथै उक्त समितिका सम्पूर्ण निर्णयहरु सर्वसम्मत पारित गर्ने र पूर्वखोला-६ हेक्लांग निवासी टेमन सिं सारुको मिति २०८१-०१-१९ गतेका दिन विपदबाट क्षति पुगेको र २०८२/०१/१६ गतेका दिन विपद क्षतिग्रस्त निजी आवास भवन पुनर्निर्माणका लागि अनुदान सम्झौता -पत्रमा सम्झौता गरे अनुरुप रु.५०,०००/-(अक्षेरुपी पचास हजार मात्र) आएको तर निज बसोबास गर्ने अन्यत्र स्थान नभएको हुदाँ निजले आफू बसोबास गर्नका लागि दुई कोठे पक्की भवन निर्माण गरेको र घरको आर्थिक अवस्था कमजोर भएको कारण उक्त घरमा झ्याल ढोका राख्न रु.५०,०००/-(अक्षेरुपी पचास हजार मात्र) सहायता दिने सर्वसम्मत निर्णय गरियो। साथै निजलाई अनुदान रकम तत्काल प्राप्त हुने व्यवस्था मिलाउन जिल्ला विपद व्यवस्थापन समिति समक्ष अनुरोध गर्ने समेत सर्वसम्मत निर्णय गरियो।

५) पूर्वखोला गाउँपालिकाको राजश्व परामर्श समितिको मिति २०८३/०१/२२ गते बसेको बैठकको निर्णयको बारेमा राजश्व परामर्श समितिका संयोजक भागीरथी शर्मा भट्टराईले जानकारी गराउनुभयो साथै उक्त समितिका सम्पूर्ण निर्णयहरु सर्वसम्मत पारित गर्ने निर्णय गरियो।

६) विविध

क) पूर्वखोला गाउँपालिकालाई पोषण मैत्री तथा बालमैत्री घोषणा गर्नका लागि पालिकाभित्र रहेका सम्पूर्ण घरहरुको तथ्याङ्क तथा पारिवारिक विवरण संकलन गाउँपालिका भित्रका कर्मचारीहरुबाट प्रति घर रु.७०।- मात्र दिई अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो।

ख) विपद व्यवस्थापन समितिको निर्णय बमोजिम विपद व्यवस्थापन गर्नको लागि तपसिलमा उल्लेखित सामाग्रीहरु आवश्यकता अनुरुप खरिद गरी वडामा हस्तान्तरण गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल:

क) त्रिपाल

ख) बेल्चा, कोदालो, बञ्चरो, कोदाली, गल, गैटी

ग) रुख कटान गर्ने हेक्सा मेसिन(Chain Saw )

घ) सेफ्टी हेल्मट,लाईफ ज्याकेट

ङ) ठेला गाडा

ग) पूर्वखोला गाउँपालिका वडा न. १ सिलुवा स्थीत श्री मनकामना प्राथमिक विद्यालयको च.नं.३० मिति २०८३/०१/२१ गतेको योजना माग निवेदन अनुसार एउटा अफिसियल दराज गाउँपालिकाको मसलन्द तथा कार्यालय सामाग्री शीर्षकबाट खर्च लेख्ने गरी खरिद गर्नको लागि रु.१५,०००/- (अक्षेरुपी पन्ध्र हजार मात्र) विद्यालयको खातामा भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो

घ) पूर्वखोला-२ जल्पाको साठीकोल मोटरबाटो मर्मत योजनाको प्राविधिक इस्टिमेट रु. ४९२९४.४४ /-(अक्षेरुपी उनन्पचास हजार दुई सय चौरानब्बे रुपैयाँ र पैसा चौवालिस मात्र) आएकोमा हाल भएको खर्च रु.४६९०८.११/-(अक्षेरुपी छयालीस हजार नौ सय आठ रुपैयाँ र पैसा एघार मात्र) भएको हुँदा उक्त खर्च भएको रकम मर्मत सम्भार शिर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो।

ङ) पूर्वखोला गाउँपालिका वडा न. ३ रिङनेरहमा मिति २०८२/१२/१६ गते भएको जैविक विविधता, वातावरण संरक्षण, प्राकृतिक सम्पदाको संरक्षण तथा उपयोग र विपद व्यवस्थापन

नुन बहादुर थापा
अध्यक्ष

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

सम्बन्धी तालिम कार्यक्रमको लागि पेश भएको प्रस्तावनाको रकम मध्ये सहजकर्ता र नास्ताखाजामा खर्च भएको रकम विविध शीर्षकबाट खर्च लेखी भुक्तानी दिने निर्णय गरियो ।

च) पूर्वखोला गाउँपालिका -५ स्थित श्री गणपति माद्यमिक विद्यालयको च.न. ५६ मिति २०८३/०१/१७ गतेको निवेदन तथा मिति २०८३-०१-२२ गतेको ५ न. वडा कार्यालयको सिफारिस बमोजिम विविध क्षेत्रमा मर्मत तथा व्यवस्थापन गर्न आवश्यक रहेको हुँदा Estimate का आधारमा बढीमा रु.५०,०००/-(अक्षेरुपी पचास हजार मात्र) मर्मत सम्भार शीर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

छ) पूर्वखोला गाउँपालिका वडा न. ५ को चलानी न. १०७७ मिति २०८३-०१-२४ गतेको सिफारिस बमोजिम विगत ४ वर्ष अगाडी देखि नेपाल स्थीत श्री फेमस महेन्द्र दल गणका सैनिक टोलीबाट गोर्खा दरबार देखि बुटवल जीतगढी सम्म (मिति २०८२/१२/२७ देखि २०८३/०१/०७) को पदयात्रामा यस गाउँपालिकाको वडा न. १,५ र ६ मा स्वागत, खाना ,बास र ३ गते विहान नास्ता तथा विदाई कार्यक्रममा भएको विविध खर्च वापतको बिल अनुसारको रकम रु. ५१,३००/-( एकाउन्न हजार तीन सय मात्र) खर्च विविध खर्च शिर्षकबाट भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।

ज) लुम्बिनी प्रदेश सरकार प्रदेश खेलकुद परिषद् , लुम्बिनी पाल्पा जिल्ला खेलकुद विकास समितिको च.नं. ५४ मिति २०८३/०१/१४ गतेको पत्रानुसार पाल्पा जिल्ला स्तरीय १७औं राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता मिति २०८३/०१/२८,२९ र ३० गते तानसेन नगरपालिका स्थीत टुडिखेल मैदानमा संचालन हुने भएको हुँदा उक्त राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको सफल र व्यवस्थित सञ्चालनका लागि जिल्ला खेलकुद विकास समितिलाई रु.१५,०००/- (अक्षेरुपी पन्ध्र हजार मात्र) आर्थिक सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो ।

झ) पूर्वखोला गाउँपालिका र हेफर प्रोजेक्ट नेपाल बीच २०८०/०९/०८ मा "पूर्वखोला कृषि तथा पशु विकास परियोजना" संचालनका लागि गरिएको सम्झौता बमोजिम यस आर्थिक वर्ष २०८२/०८३ मा उक्त संस्थालाई दिईएको प्रथम पेश्की वापतको रु.२५,००,०००/- (अक्षेरुपी पच्चीस लाख रुपैयाँ मात्र) फछर्यौट गरेको र संस्थाले पुनः कार्यक्रम सञ्चालन गर्न रकम आवश्यक परेको र पेश्की उपलब्ध गराईदिनुहुन भनी निवेदन पेश गरेकाले उक्त संस्थालाई रु.२५,००,०००/- (अक्षेरुपी पच्चीस लाख रुपैयाँ मात्र) पेश्कीका रुपमा उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

ञ) विभिन्न प्रकाशनहरुले गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा व्यावसायिक विज्ञापन/सन्देशमुलक सूचना प्रकाशनका लागि निवेदन पेश गरेकोमा तपसिल बमोजिम विज्ञापन/सूचना/कार्यक्रम सञ्चालन गर्न अनुमती दिने सर्वसम्मत निर्णय गरियो ।

तपसिलः

- करुवा अर्धसाप्ताहिक -रु.५०,०००/-(पचास हजार मात्र)
- पाल्पा समाचारपत्र साप्ताहिक तानसेन, पाल्पा -रु. रु.२०,०००/-

पूर्वखोला गाउँपालिका गाउँपालिकाको कार्यालय पूर्वखोला, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

ट) राहत सम्बन्धमा :

**पूर्वखोला गाउँपालिका भित्र बसोबास गर्ने तपसिलमा उल्लेखित व्यक्तिहरुले दिएको निवेदनमा छलफल गर्दा निजहरुलाई तपसिल बमोजिमको राहत उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।**

**तपसिल:**

| क्र.स. | ब्यक्ति/संस्थाको नाम | ठेगाना | राहत माग रकम | उपलब्ध गराएको राहत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | हर्ष बहादुर सारु | पूर्वखोला-३ | आर्थिक सहयोग | रु.५,०००/- | मिति २०८३/०१/२०गते साँझ आएको आँधीले गोठको छाना उडाएको |
| २ | प्रगतिशील लेखक संघ नेपाल | बागबजार, काठमाडौं | आर्थिक सहयोग | रु.१५,०००/- | कलम पुस्तक संख्या ३० |
| ३ | पाल्पा व्यापार संघ | तानसेन, पाल्पा | आर्थिक सहयोग | रु. ५,०००/- | २०८३ सालको भित्तेपात्रो (क्यालेन्डर) प्रकाशन |
| ४ | झलक बहादुर बिश्वकर्मा | पुतलीबजार नगरपालि वडा न. १, स्याङ्जा | पुस्तक खरिद | रु.५,७७५/- | "राजनीतिक क्रान्तिको ओझेलमा दलित मुक्ति" नामक पुस्तक खरिद |

ठ) संघीय सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रम **ICT Classroom Management Programme for Basic and Secondary School** का लागि कार्यालयबाट २-२ पटक दरभाउपत्र आव्हान गरिएकोमा हाल सिर्जित अस्वाभाविक मूल्यवृद्धिको कारण देखाई ठेक्का प्रक्रियामा कोही पनि सहभागी नभएको सन्दर्भमा दररेट पुनः मूल्याङ्कन गरी/गराई पुन दरभाउपत्र आव्हान गर्न गाउँपालिकालाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

ड) अविरल वर्षाका कारण खल्लुक भञ्ज्याङ्गबाट बिर्ता बजार आउने सडक बिग्रिरहने र तत्काल मर्मत सम्भार नगरेमा बाटो नै भाँसिने तथा थप क्षति पुग्न सक्ने देखिएकाले उक्त क्षेत्रमा बाटो नियमित मर्मत सम्भार गर्नका लागि २ जना लेन्थमेन तत्काल नियुक्त गर्ने निर्णय गरियो।

ढ) जल्पा पूर्वखोला सडक खण्डको खैरेनी खण्डमा बाटो निर्माणका क्रममा नालीमा माटो ग्रेगर जम्मा भई बाटो नै जोखिममा परेको र तत्काल नाली सफा नगरेमा बाटो नै बिग्रिन सक्ने अवस्थालाई मध्यनजर गर्दै मर्मत सम्भार शीर्षकबाट खर्च लेख्ने गरी Estimate का आधारमा हुने गरी बढीमा रु ५०००/- बराबरको सहायता उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

नुम बहादुर थापा
अध्यक्ष

२०८३/१/२९